नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं।

## वैदेशिक रोजगारीको विज्ञापन श्रमसंसार पोर्टलबाट हेर्न मिल्ने बारे सूचना

२०८२/०४/२१

वैदेशिक रोजगार विभागबाट सम्पादन गरिने सेवाप्रवाह आम सर्वसाधारणको जानकारीमा ल्याई जनताको विश्वास जित्ने गरी चुस्त दुरुस्त र थप प्रभावकारी बनाउनलाई नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले "श्रम संसार रोजगार पोर्टल (www.shramsansar.gov.np)" निर्माण गरी "श्रमसंसार एप (Shramsansar app)" सञ्चालनमा रही नेपाल सरकारको "नागरिक एप (Nagarik app)" मा समेत आबद्ध भैसकेको हुँदा नेपाल सरकारबाट वैदेशिक रोजगारीको लागि ईजाजत प्राप्त संस्थाहरूले विदेशस्थित रोजगारदाता कम्पनीबाट प्राप्त मागपत्र नेपाली राजदुतावासबाट प्रमाणिकरण गरी यस विभागबाट पूर्व स्वीकृति लिई सकेपछी ईजाजत प्राप्त संस्थाले कामदार लैजानका लागि गरिने विज्ञापन, रोजगारदाता कम्पनीबाट प्राप्त मागपत्रको विवरण श्रमसंसार (shramsansar.gov.np) पोर्टलबाट पनि हेर्न मिल्ने गरि व्यवस्था मिलाईएको जानकारी गराइन्छ। कुनै पनि व्यक्तिले सामाजिक सञ्जाल एंव अनाधिकृत रुपमा गरिएका प्रचार प्रसारमा विश्वास नगरी सरकारी संयत्रबाट प्रकाशित/प्रसारित सूचनाम एकीन गरि मात्र वैदेशिक रोजगारीको आवश्यक प्रक्रिया गर्नुहुन तथा सम्भावित ठगी बाट बच्नुहुन सम्पुर्णमा जानकारीको लागि अनुरोध गरिन्छ।

२०८२।४।२१

टिकाराम ढकाल
निर्देशक